# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङवगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

प.सं. २०७७/०७८/ (दिवस/समारोह)
च.नं. १८६

मितिः २०७७/०५/१९

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल
२०७३

**विषयः दिवस मनाउने सम्बन्धमा ।**

**श्री शाखा/केन्द्र सबै ।**
**श्री विद्यालय/वडा कार्यालय/स्वास्थ्य चौकी सबै ।**

हाल विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाइरस) को जोखिम बढिरहेकाले आसन्न दिवस तथा कार्यक्रमहरु मनाउँदा भिडभाड, जमघट नगरी सामाजिक दूरी कायम गरी उपयुक्त विधिबाट तपसिल बमोजिम मनाउन परिपत्र गर्ने मिति २०७७।०५।१९ को निर्णयानुसार अनुरोध छ ।

**तपसिलः**

१. मिति २०७७ भाद्र २२ गते पर्ने **निजामती सेवा दिवस** को अवसरमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरु तथा स्वास्थ्य चौकीहरुले आ-आफ्नो कार्यालय परिसर सरसफाई, वृक्षारोपन, रचनात्मका कामको शुरुवात/घोषणा जस्ता विविध कार्यक्रमहरु भीडभाड नगरी, सामाजिक दूरी कायम गरी मनाउने ।
२. मिति २०७७ भाद्र २३ गते पर्ने राष्ट्रिय साक्षरता दिवस तथा अन्तर्राष्ट्रिय शिक्षा दिवसका अवसरमा गाउँपालिका अन्तर्गतका सबै विद्यालय/शैक्षिक संस्थाहरुले शुभकामना आदान प्रदान, प्रचार-प्रसार, विद्यालय सरसफाई, शैक्षिक रणनीति निर्माण, शैक्षिक सामाग्री निर्माण जस्ता विविध किसिमका रचनात्मक कार्यक्रम/क्रियाकलापहरु ठूलो जमघट नगरी, सामाजिक दूरी कायम गरी मनाउने ।
३. मिति २०७७ भाद्र २९ गते पर्ने राष्ट्रिय बाल दिवसका अवसरमा विद्यालयहरुले ठूलो जमघट भीडभाड नगरी सामाजिक दूरी कायम गरी उपयुक्त विधिबाट विद्यालयस्तरमा मनाउने ।

..............................
चन्द्रसिंह श्रेष्ठ
(प्रमुख प्रशासकीय अधिकृत)

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत